## मिति २०८२ असार ९ गतेको ५९ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा

प्रस्ताव नं. ३ : नापी कार्यालय स्थापनाका लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : आर्थिक विधेयक, २०८२ स्वीकृतिको लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ : सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : रकमान्तर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : जालपा देवी मा.वि. मा प्राविधिक धार संचालन एवं व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ८ : शहरी स्वास्थ्य केन्द्र स्थापना सम्बन्धमा ।

प्रस्ताव नं. ९ : प्रहरी चौकी स्थापनाको लागि जग्गा व्यवस्थापन गर्न सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १० : आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ : आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णयहरु

निर्णय नं. ५९.१ : नगर कार्यपालिकाको मिति २०८२/०३/०७ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५९.२ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. ५९.३ : नापी कार्यालयको च.नं. ११७२ मिति २०८२/०३/०९ को पत्र प्राप्त भई उक्त पत्रको सम्बन्धमा यस बैठकमा छलफल गर्दा मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची नगरपालिका वडा नं. १ देखि वडा नं. १३ सम्म कार्यक्षेत्र रहने र मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजार मेलम्ची नगरपालिका, पाँचपोखरी थाङ्पाल गाउँपालिका, हेलम्बु गाउँपालिका र ईन्द्रावती गाउँपालिकाकाको समेत केन्द्र भाग भएको तथा यस बजारमा बैंकिङ्ग सेवा एवं सुरक्षाको दृष्टिकोणबाट समेत उपयुक्त स्थान भएकोले यस भेगका सेवाग्राहीहरुलाई सहज ढंगबाट नापी सेवा उपलब्ध गराउनको लागि मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजार आसपासको सुरक्षित र उपयुक्त स्थानमा नापी कार्यालय स्थापनाका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५९.४: आ.व. २०८२/०८३ को लागि अनुसूची - २ मा उल्लिखित करका दरहरु सहित मेलम्ची नगरपालिकाको आर्थिक विधेयक, २०८२ स्वीकृतिको लागि १८ औं नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५९.५: नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक सुरक्षा कोषको च.नं. ७८७ मिति २०८२/०२/१६ को पत्रबाट सबैका लागि सामाजिक सुरक्षा प्रदान गर्नुका साथै योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हक कार्यान्वयनका लागि नेपाल सरकारले मिति २०८२/०१/०१ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश संचित कोष र स्थानीय संचित कोषबाट पारिश्रमिक पाउने (प्रचलित कानून बमोजिम निवृत्तभरण पाउने बाहेक) व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत गरी निज कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ५९.१०: आ.व. २०८२/०८३ को लागि अनुसूची - ३ मा उल्लिखित मेलम्ची नगरपालिकाको नीति तथा कार्यक्रम स्वीकृतिको लागि १८ औं नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५९.११: मेलम्ची नगरपालिकाको आ.व. २०८२/०८३ को अनुसूची - ४ मा उल्लिखित राजस्व तथा अनुदान प्राप्तीको अनुमान र बजेट तथा कार्यक्रम स्वीकृतिको लागि १८ औं नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यपालिकाको बैठकमा मिति २०८२-०३-०९ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| क्र.स. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम ( कन्टेनजेन्सी सहित) | खरिद प्रक्रिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | चापाबोट थापागाउँ सडक ढलान | १८०५००० | १९१६४७.५७ | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सडक संरक्षणका लागि स्टोन मेशनरी वाल निर्माण र आर.सि.सि. ढलान कार्य गरि सडक स्तरोन्नती गर्ने कार्य भएको |
| २ | भन्ज्याङ आलाचौर लोकमार्ग | ५००००० | ५३६११.३२ | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सडक संरक्षणका लागि प्लम वाल लगाउने कार्य र भल तथा नाली व्यवस्थापनको लागि प्लम नाली निर्माण कार्य भएको |
| ३ | पँधेराखोला सयले काल्ले लोकमार्ग सडक निर्माण | ५००००० | ५३६७५.०७ | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | क्याचपिट र हेडवाल सहित ह्युमपाईप राखी भल तथा नाली व्यवस्थापनको कार्य भएको |
| ४ | पाटीगाउँ डिल्लो मानेडाँडा प्रादीटोल सडक | १०००००० | १०५७११.५२ | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सडक संरक्षणका लागि स्टोन मेशनरी वाल निर्माण,ग्यावित वाल निर्माण र क्याचपिट सहित ह्युमपाईप राखी भल तथा नाली व्यवस्थापनको कार्य भएको |
| ५ | भन्ज्याङ खानेपानी | ८००००० | ८५६४९.३५ | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ईन्टेक निर्माण र पाईप लाईन विस्तार गरि एक घर एक धारा निर्माण कार्य भएको |
| ६ | हरिया खेत फसेको खेत सिंचाई | १०००००० | १०५९८०.५५ | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | कुलोको लेभल मिलाउनको लागि स्टोन मेशनरी वाल निर्माण र आर.सि.सि. कुलो निर्माण कार्य गरि सिंचाई गर्ने कार्य भएको |
| ७ | मौसमटोल नेपालीटोल सिडि तथा अन्य संरचना निर्माण | ९५०८०० | | १ | प्राविधिक विल अनुसार | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत | टोलबासीले प्रयोग गर्दै आएको गोरेटो बाटोलाई पैदलयात्रा सहज बनाउन आवश्यक स्थानमा लेभल मिलाई मेशनरी वाल निर्माण कार्य गरेको र समथर बाटोमा सोलिङ पि.सि.सि र उकालोमा स्टेप सिडी र फलामे रेलिङ निर्माण कार्य गरेको,ढिकुरेपाटी निर्माण गर्नुका साथै कच्ची नाली खन्ने तथा सरसफाई कार्य भएको |
| ८ | सेतीकादेवी मा.वि.क्यान्टिन निर्माण | १०००००० | १०६३७२.४३ | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | डब्बल टाईविम सहित एक तल्ला आर.सि.सि क्यान्टिन भवन निर्माण गरि ईट्टाको वाल निर्माण कार्य भएको |
| ९ | रोक्काटोल खानेपानी | १०००००० | १०५६६८.२३ | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | फेरोसिमेन्ट ट्याङ्की निर्माण,एफ.आर.सि. निर्माण र पाईप लाईन विस्तार गरि एक घर एक सानो धारा निर्माण कार्य भएको |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची सिन्धुपाल्चोक नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | Upgrading works of ratamata lopchantole sunkhani khadkathok sadak | ५०००००० | | ९ | प्राविधिक बिल अनुसार | टेण्डर | प्लम नाली,क्याचपिट सहित ह्युमपाईप मेशनरी वाल,ग्याविन वाल,सडक चौडा र सोलिङ गर्ने कार्य भएको |
| ११ | Upgrading works of १५ number majhigaun road | ५०००००० | | ५ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | क्याचपिट सहित ह्युमपाईप हालि नाली व्यवस्थापन,स्टोन मेशनरी र ग्याविन वाल निर्माण कार्य भएको |
| १२ | Upgrading works of patibhangyanng bazar dekhi adhurobato | ३०००००० | | ४ | प्राविधिक बिल अनुसार | टेण्डर | कटिङ, मेशनरी वाल र ग्याविन वाल क्याचपिट सहित ह्युमपाईप हाल्ले कार्य भएको |
| १३ | सुवेदि गाउँ चौलागाई टोल खानेपानी | ४००००० | ४२७३३.६२ | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | एफ.आर.सि इनटेक संरक्षण, इन्टेक निर्माण, १० घ.मि. को फेरोसिमेन्ट टयाङकी र पाईपलाईन बिस्तार |
| १४ | पँधेराचौर फटकेश्वर सडक निर्माण | १५००००० | १६०८००.९४ | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ग्राभेल, पाइप कल्भर्ट, ग्याविन वाल लगाई सडक संरक्षण, सोलिङ, पहिरो पंछाई नाली व्यवस्थापन कार्य |
| १५ | कोट मन्दिर संरक्षण तथा ट्रस निर्मान | ५००००० | ५३१०६.७५ | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल लागाई मन्दिर संरक्षण गरिएको। |
| १६ | कालिका आ.बि किचेन निर्माण | ५००००० | ५३८२०.४४ | ५ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | स्कवायर पाइपमा वाल लगाई जस्ताको छाना छाएर एक कोठे किचेन निर्माण गर्ने कार्य भएको। |
| १७ | गोलफुलेटोल जाली वाल निर्माण | १००००० | ११९६१.६१ | ५ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | बस्ति संरक्षण लागि ग्याविन वाल लगाउने कार्य भएको |
| १८ | नुवारखोला कृषि तथा पशुपालन फर्म सम्मको सिडी तथा सडक निर्माण | १०००००० | १०७४४८.८१ | ११ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सोलिङ पि.सि.सि. गरी सिडी निर्माण, फलामे रेलिङ, स्टोन मेसिनरी वाल, प्लम नाली र ह्युमपाईप हाली नाली व्यवस्थापन गर्ने कार्य |
| १९ | अम्बोटे खोला मुहान हुँदै डाँडाखेत गैरी बालाचौर सिँचाई | १५००००० | १५८३५० | ११ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | कुलोको लेभल मिलाउन स्टोन मेशनरी वाल निर्माण गरी आर.सि.सि कुलो निर्माण र प्लम वाल निर्माण कार्य भएको |
| २० | सुरुङ्गमार्ग कल्भट संरक्षण र घट्टेखोला, घोड्याङ खोला र जुगेपानी खोलाको ग्याविन मर्मत तथा संरक्षण | १०००००० | | ३ | प्राविधिक बिल अनुसार | सोझै खरिद(कोटेसन) | मेशनरी वाल, प्लम वाल, ग्याविन वालको कार्य गरि कल्र्भट तथा सडकं संरक्षण गर्ने कार्य |
| २१ | काउले दोभान फट्टे निर्माण | १०००००० | १०६७०७.७८ | ३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | R..c.c कल्र्भट निर्माण कार्य भएको |
| २२ | मानेथोक सामिदायिक भवन निर्माण | ७००००० | ७४२७१.८९ | ३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ट्रसको, ईट्टाको वाल तथा प्लाष्टर गरी जस्ताको छानो छाई २ कोठे सामुदायिक भवन फिनिसिङ सहित निर्माण भएको। |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | लोकेश्वरी महादेव मन्दिर शौचालय निर्माण | ६००००० | ६३५६६.३३ | ३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | २ कोठे लोड बेरिङ शौचालय सेप्टीटयाङकी र मेशीनरी वाल निर्माण कार्य भएको |
| २४ | कालिका देवी मन्दिर निर्माण | १८०८००० | १९१०७७.४४ | ३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशिनरी वाल निर्माण, मन्दिरमा डाँछीआप्पा लगाउने कार्य र मुल ढोका लगाउने कार्य भएको |
| २५ | बालुङ्गे स्याङ्बाटोल छ्योर्तेन निर्माण | १०००००० | १०६८३०.८५ | ७ | प्राविधिक विल अनुसांर | उपभोक्ता समिति मार्फत | मानेको फ्रेम स्टक्चर निर्माण गरी ईट्टाको वाल लगाई प्लाष्टर तथा बुट्टा हाली रङरोगन गरी छ्योर्तेन निर्माण कार्य भएको |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल